Telecommunications Industry Ombudsman

Nepalese

## TIO तथ्य-पत्र (Fact Sheet)

### Telecommunications Industry Ombudsman (TIO) भनेको के हो?

TIO एउटा नि:शुल्क सेवा हो जुन टेलिफोन तथा इन्टरनेट कम्पनीहरुसँगको आफ्नो समस्या समाधान गर्न नसकेका व्यक्तिहरुको सहायता गर्न स्थापना गरिएको हो ।
तर हामीलाई सम्पर्क गर्नु अगाडी तपाई आफ्नो सेवा संञ्चालकसँगको गुनासो आफै सुल्झाउने कोशिश गर्नु पर्नेछ ।

### हामी के को छानबिन गर्न सक्छौ ?

TIOले मोबाइल, ल्यान्डलाईन र इन्टरनेट सँग सम्बन्धित निम्न लिखित गुनासोहरुको बारे छानबिन गर्न सक्छ:

- बिलको बारेमा (गलत प्लान, गलत शूल्क, ढिलो पाएको बिल बारे)
- मोबाइल सब्स्क्रिप्शन टेक्स्ट मेसेज सेवा को समस्या (मेसेजहरु रोक्न नसक्नु)
- खराबी तथा सेवाको गुणस्तर
- लाइन जोडाई (कनेक्शन) मा ढिलाई
- कर्ज़ा असुल गर्ने गतिविधि (debt collection) (साथै भुक्तानी प्लान तथा क्रेडिट डिदिफल्त सँग सम्बन्धित समस्याहरु)
- करार (contract) (साथै अन्यायी र अस्पष्ट शर्तहरु लगायत)।

### हामी के को छानबिन गर्न सक्दैनौ ?

हामी निम्न लिखित गुनासोहरुको बारे छानबिन गर्न सक्दैनौ:

- हामीलाई सम्पर्क गर्नु अगाडी जुन समस्याहरुको बारे तपाईलाई बिगत एक बर्ष देखिनै अवगत थियो (कुन मामिलामा यसलाई दुई बर्ष सम्म बढ़ाउन सक्ने छ)
- दूरसँचार सम्बन्धि सरकारी नीतिहरु
- दूरसँचारको लागि चलाउने निजी उपकरण (पुरा शुल्क तिरिसकेका मोबाइल ह्याण्डसेट तथा कम्प्युटरहरु लगायत)
- सेवा सामग्रीहरु जस्तै मोबाइल सब्स्क्रिप्शन रिंगटोनहरु तथा वेबसाइटहरु
- कम्पनीहरुले आफ्नो उत्पादन तथा सेवाहरुमा लगाउने शुल्कहरु
- कुनै अदालत वा न्यायलय (Tribunal) मा प्रस्तुत गरिसकेका (वा गरिन लागेका) मामिलाहरु।

### दोभाषे सेवा

यदि तपाईलाई दोभाषे चाहिएमा 131 450 मा सम्पर्क गर्नुहोस् । यो सेवा नि:शुल्क हो। TIO मा शिकायत गर्न यदि तपाईलाई अँग्रेज़ीमा बोल्ने पूर्णविश्वास छैन भने तपाईले अरु कसैलाई त्यो अधिकार दिन सक्नु हुनेछ।

### TIO लाई सम्पर्क गर्न

| | |
|---|---|
| नि:शुल्क फोन: | 1800 062 058* |
| TTY: | 1800 675 692 |
| लिखित रुपमा सम्पर्क गर्न: | |
| नि:शुल्क फ्याक्स: | 1800 630 614 |
| ईमेल: | tio@tio.com.au<br>complain@tio.com.au |
| हुलाक: | PO Box 276<br>Collins Street West Vic 8007 |

* मोबाइल फोनबाट गरेको कलमा शुल्क लाग्न सक्ने छ, जुन तपाईको सेवा संञ्चालकमा भर पर्ने छ। यदि तपाईले मोबाइलबाट फोन गर्नु भएको भए हामीलाई खबर गर्नुस् र हामी तपाईलाई फोन गर्ने छौ ।